# उतार चढाबका बीच नेपाली चलचित्र

**चलचित्र मनोरञ्जन मात्रा नभएर ठूलो संख्यामा रोजगारी दिएको पनि छ। राज्यले पनि ठूलो मात्रामा कर असुली रहेको छ। राष्ट्रिय स्तरदेखि अन्तर्राष्ट्रिय जगतमा कला संस्कृति पर्यटन प्रचारप्रसार प्रबर्द्धन गरेको छ। बेलाबेलामा आउने दैनिक आपत्कालीन घडीमा राज्यबाट पनि सम्बोधन हुन जरुरी छ। राज्यले चलचित्र क्षेत्रलाई उद्योगको रूपमा स्थापित गराउन सकेमात्र यस क्षेत्रलाई चलायमान गर्न सकिन्छ।**



**शीतल केसी**

नेपाली चलचित्रको इतिहास झण्डै ५५ वर्षको उकालो लागिरहँदा सामाजिक, संस्कृतिक, ऐतिहासिक र व्यावसायिक दृष्टिकोणले निकै ठूलो फड्को मारेको अवस्था छ। सुरु-सुरुको अवस्थामा सीमित रूपमा निर्माणमा लम्किरहेको नेपाली चलचित्र एकपछि अर्को हुँदै ठूलो संख्यामा निर्माण हुन थाले। नेपाली चलचित्र दर्शक उल्लेखनीय रूपमा सिनेमा हलसम्म आउन थाले भने सिनेमा पनि एकपछि अर्को निर्माण हुन लागे। सिनेमा घरको विस्तार सबै भूगोलदेखि ग्रामीण स्तरसम्म निर्माण भए। चलचित्रकर्मी पनि उत्साहित भए भने मानिसहरू ठूलो संख्यामा रोजगारीको आकर्षक गन्तव्य हुन थाल्यो। साथै राज्यले पनि राम्रो लाभांश लिएको पाइन्छ।

२०२५ सालमा निर्माण भएको आमा चलचित्रलाई नै नेपाली पहिलो चलचित्र मानिन्छ। २०२५ सालमा निर्माण रहेको आमा चलचित्रपछि झण्डै एक डेड दशकसम्म सीमित रूपमा निर्माण रहेको नेपाली चलचित्र सो अवधिसम्म धेरैजसो प्राविधिक र प्रविधि एवं कलाकार, प्राविधिक सम्पादन जस्ता काम गर्न/गराउन भारतको सहयोग चाहिने गर्थ्यो। डेड दुई दशकसम्म यसरी नै सहकार्य गर्दै आएको नेपाली सिनेमाले यस अवधिमा सम्पूर्ण जनशक्ति प्राविधिक र प्रविधि उत्पादन गरिसकेको थियो। २०४५ सालबाट नेपाली सिनेमाले एकाएक फड्को मार्दै ठूलो संख्यामा नेपाली चलचित्र निर्माण हुनलागेसँगै सिनेघर ग्रामीण भू-भागमा स्थापना हुन थाले।

दर्शकहरूको उल्लेखनीय उपस्थितिले यस क्षेत्रमा कलाकार प्राविधि, प्रविधि र चलचित्र कर्मीहरूलाई नाम, दाम र रोजगारीको एक आकर्षक गन्तव्यको रूपमा लिन थालियो। धेरै जनाको श्रम मिहिनेत, आर्थिक रूपले मात्र सम्भव रहने चलचित्र क्षेत्रमा धेरै संघसंस्थासम्म स्थापना हुन थाले जसले कलाकर्मीहरूको हकहितका लागि न्यायको पक्षमा उभिए। चलचित्रसम्बन्धी सबैलाई रोजगारीको सिर्जना गर्‍यो भने यहाँसम्म आउँदा ठूलो संख्यामा निर्माण पक्ष, निर्देशक पक्ष, प्राविधिक र कलाकारलाई सामाजिक रूपमा नै स्थापित गरेको छ।

२०७२ सालमा आएको विनाशकारी भूकम्पले एकाएक पूर्णविराम जस्तै लगाई थियो। ठूलो संख्यामा मानवीय क्षति, आर्थिक व्यर्होनु पर्‍यो भने सिनेमा क्षेत्रमात्र नभई सबै क्षेत्रका क्रियाकलाप लथालिंग हुन पुगे। मानिसहरूमा डरत्रासले बाच्न बाध्य भए। त्यति मात्रमा रोकिएन झण्डै १० महिना भूकम्पको पराक्रमले झन् थिल्थिलो पारिदियो। प्रदर्शन, छायांकन रहका चलचित्र रोकिए। मानिसहरू गाँस, बाँस र कपासको सुरक्षित महसुस गर्न नसकेको अवस्थामा सिनेमा घरसम्म चलचित्र हेर्न जाने भन्ने कुरा कल्पनासम्म गर्नसक्ने अवस्था रहेन। सिनेमाघरहरू बन्द भए। पाँच-छ महिनापछि भूकम्पको पराकम्पन कम हुँदै जाँदा सिनेमाघर खोलिएपछि दर्शकले सुरक्षित महसुस गर्न सकेनन्। यस्तो अवस्थामा पनि राज्यले सिनेमासँग सम्बन्धित निकायलाई कुनै लाभदायक योजना ल्याउन सकेन। यसअवधिमा निर्माण पक्षले ठूलो आर्थिक हार व्यहोर्नुपर्‍यो भने चलचित्रकर्मीले पनि रोजगारीबाट बञ्चित हुनुपर्‍यो। आठ-दश महिनापछि भूकम्पका पराकम्प लगभग पूर्वरूपमा बन्द भएसँगै विस्तारै सिनेमा प्रदर्शन र निर्माण हुनथाले। मानिसहरू सिनेमा घरसम्म गएर सिनेमा हेर्ने माहौल बढ्दै गयो।

दश वर्ष सशस्त्र द्वन्द्वको पीडा भोगेको नेपाली चलचित्रलाई कोरोनाले थप तहसनहसन बनायो। २०७२ सालको भूकम्प पछि नेपाली दर्शकलाई हलसम्म ल्याउन निर्माण पक्षले दर्शकलाई ठूलै कसरत गर्नुपर्‍यो। विभिन्न उतार-चढावबीच ग्रुजिएको नेपाली सिने क्षेत्र पछिल्लो समय केही जुमुराएको छ। यो बचीमा नेपाली सिने क्षेत्रले ठूलो फड्को मार्दै थियो। चलचित्र निर्माणमा झण्डै दोब्बर लेब्बर रूपमा लगानी बढाउँदै लगे भने छायांकन, निर्माण अनि प्राविधिक उत्कृष्ठ हुँदै गए र नेपाली चलचित्र पनि अन्तर्राष्ट्रिय स्तरको निर्माण हुनथाले। फेरि अर्को अकल्पनीय माहामारी कोभिड-१९ एक्कासि संसारभरि फैलियो निकै आक्रमण रूपमा फैलियेको कोभिडलाई धेरै दिन थेग्न सकेन र तुरुन्तै देशभर नै लकडाउन गर्ने स्थिति सिर्जना भयो। यहाँमात्र नभएर संसारभर लकडाउन भयो। नेपालमा पनि २०२० मार्च २४ बाट पूरै देशमा लकडाउन गर्ने निर्णय लियो बाहिर मुलुकमा दिनहूँ ठूलो मात्रामा मानवीय क्षति हुँदैजानु एकपछि अर्को संक्रमित हुनु समाचार सम्प्रेषण हुँदै गए।

औषधोपचारका लागि पनि सरकारले थेग्नसक्ने अवस्था भएन। आफैं सुरक्षित हुनु विकल्प रहेन। यतिसम्मको स्थिति सिर्जना भयोकि मानिस मानिससँग डराउनुपर्ने अवस्था रह्यो। सबै क्षेत्र लगभग बन्द नै रह्यो भने चलचित्र क्षेत्र पनि अछुतो रहेन। मानिसको गाँस, बाँस, कपासको ग्यारेन्टी नभएको अवस्थामा मनोरञ्जन बाध्यता नभएर आवश्यकतालाई महत्त्व दिनु स्वाभाविक थियो। सन् २०२० जुन १४ सम्म रहेको लकडाउनले ठूलो संख्यामा मानिसहरूको व्यापार, रोजगारी इत्यादिबाट बेरोजगार हुनुपर्‍यो भने भयभीत तथा डरत्रासमै चार-चार महिनाको अन्तरालपछि खुलेको लकडाउनमा सुरक्षा अपनाउँदै दैनिकी जीवन कष्टकर रूपमा बिताउन बाध्य भए। ठूलो समूहमा निर्माण गर्ने भेलाजस्ता काम त झन् बन्द भए। सिनेमा निर्माणदेखि हलसम्म आउनको निम्ति ठूलो जनशक्ति आवश्यक्ता हुने भएकाले चलचित्र प्रदर्शन निर्माण हुन छोडे।

जसले यो पेशालाई रोजगारीको रूपमा जीविकोपर्जोन गर्दै आएका थिए धेरैजसो प्राविधिक कलाकर्मीले अर्को कुनै विकल्प खोज्नुपर्ने बाध्यता सिर्जना भयो र ठूलो संख्यामा विस्थापित हुँदै गए। चलचित्र निर्माण प्रदर्शन ठप्प त थियो नै कोभिड-१९ को पनि आक्रमण गति रोकिएको थिएन। झण्डै चार-पाँच महिनापछि संसार भरमै केही मात्रमा कोभिड-१९ कम हुँदै आयो र मानिस पनि सामन्य दैनिकीमा आउन थाले। ठप्प रहेको नेपाली चलचित्र चलायमान गर्न सरकारले हल खोल्ने निर्णय गर्दै निर्मातालाई चलचित्र प्रदर्शन गर्न आर्थिक राहत सहुलियत रूपमा दिने घोषण त गर्‍यो तर मुस्किलले दुई-चारवटा सिनेमा हलसम्म आए तर दर्शक हलसम्म जान हिक्मत गरेनन्। र, राहतको योजना सफल हुन सकेन्। केही समयको अन्तरालपछि २०२१ अप्रिल २८ बाट सरकारले दोस्रो लकडाउन सुरु गर्‍यो। पहिलाको तुलनामा दोस्रो कोभिड निक्कै खतरनाक र आक्रमण रूपमा विश्वभर तथा नेपालमा मानवीय क्षति भयो। फेरि नेपाली सिनेमा पछाडि धकेलियो सबै क्षेत्र तहसनहस भयो। मानिसहरू विक्षिप्त भई सुरक्षित अपनाउँदै दैनिकी बडो कष्ट पूर्ण जीवन बिताउन बाध्य भए। चलचित्रसँग सम्बन्धित संघसस्थाले केही राहतको प्रबन्ध गरे पनि निरन्तरता र आवश्यक्ता महसुस गराउन सकेन।

केही समयको लकडाउनपछि संक्रमणमा कमी आए पनि पूर्णबिराम लागि सकेको थिएन। तर, मानिसहरू सुरक्षित हुँदै आफ्नो दैनिकीतिर फर्किन थाले भने चलचित्रकर्मी पनि कामतिर फर्किए। यही क्रममा धेरै चलचित्रकर्मीलाई जीवनयापन गर्न अर्को विकल्प खोज्न बाध्य भए भने धेरै चलचित्रकर्मी विस्थापित भए। धेरै ठूलो आर्थिक लगानी रहेको सिनेमा निर्माता एकपछि अर्को यस क्षेत्रबाट पलायन हुने क्रम जारी रह्यो, जसले गर्दा नेपाली चलचित्रले ठूलो घाटा व्यहोर्नुपर्‍यो। कोभिडको अन्त्यसँगै मौलाएको नेपाली सिनेमा अहिलेसम्म ठूलै परिवर्तन गर्दै आएको छ। स्तरीय सिनेमाघर निर्माण भए भने ठूलाठूला लगानीको निर्माण हुँदै गए। नेपालमा बलिउड हलिउडका चलचित्रले प्रभुत्व जमाइरहेको अवस्थामा नेपाली चलचित्रले पनि टक्कर दिइरहेका छन्।

गुणस्तर र प्रविधि रूपमा अन्तर्राष्ट्रिय सिनेमासँग तुलना गर्न लायक बनेका छन्, नेपाली चलचित्र। प्राकृति रूपमा आफैंमा सुन्दर नेपाल, छायांकले पर्यटकलाई पनि लोभाएको छ। नेपाली सिनेमा अन्तर्राष्ट्रिय बजारमा पनि बजार व्यवस्थापन गरिरहेको पाइन्छ। गुणस्तर प्रविधिलाई जोड दिँदै गएमा नेपाली सिनेमा राष्ट्र तथा अन्तर्राष्ट्रिय बजार व्यवस्थापन गरी आर्थिक, सामाजिक र पर्यटकीय लाभ राज्यले लिन सक्नेछ।

चलचित्र मनोरञ्जन मात्रा नभएर ठूलो संख्यामा रोजगारी दिएको छ। राज्यले पनि ठूलो मात्रामा कर असुली छ। राष्ट्रियस्तरदेखि अन्तर्राष्ट्रिय जगतमा कला संस्कृति पर्यटन प्रचारप्रसार प्रबर्द्धन गरेको छ। त्यसकारण बेलाबेलामा आउने दैनिक आपत्कालीन घडीमा राज्यबाट सम्बोधन हुन जरुरी छ। राज्यले चलचित्र क्षेत्रलाई उद्योगको रूपमा स्थापित गराउन सकेमात्र यस क्षेत्रलाई चलायमान गर्न सकिन्छ।

**(लेखक केसी सिनेकर्मी हुनुहुन्छ।)**

# अनुदान नपाएपछि किसानले दूध बेच्न किने 'ट्रक'

**तनहुँ/रासस।** तनहुँको व्यास नगरपालिका-१० दुम्सीका पशुपालक किसानले अनुदानको आशा नराखी कृषि उपज बिक्री गर्न मझौला खालको ट्रक किनेका छन्। आफूहरूले उत्पादन गरेको गाईभैंसीको दूध ढुवानी गर्न मासिक ५५ हजारभन्दा धेरै भाडा तिर्नुपरेपछि विकल्पमा आफूहरूले ट्रक नै किनेको स्थानीय अगुवा किसान तथा दुम्सी दुग्ध उत्पादक कृषि सहकारी संस्थाका अध्यक्ष डिल्लीराम सापकोटाले बताउनुभयो।

मझौला ट्रक खरिद गर्दा २३ लाख ४० हजार र ट्रकको छत बनाउन एक लाख ५० थप खर्च भएको उहाँको भनाइ छ। 'अनुदानमा ट्रक चाहियो भन्ने कुरा पनि भएन। दूध ढुवानी गर्न मासिक भाडा खर्च धेरै जाने भएपछि ट्रक नै किन्ने निधो गर्‍यौं', उहाँले भन्नुभयो, 'अब ट्रक नै किनेपछि दूधमात्र नभई कृषि उपजसमेत बढाई नजिकै रहेको दमौली बजारमा बिक्री गर्ने योजना बनाएका छौँ।'

ट्रक किनेपछि आफूहरूले सात किलोमिटर दूरीमा रहेको व्यास-९ गजौडमा दुग्ध उत्पादनका लागि उपशाखा सञ्चालन र व्यास नगरपालिका-१० मा सुपथ मूल्य पसल सञ्चालन गरिएको अर्का किसान डिल्लीराम शर्माले बताउनुभयो। आफूहरूले पनि कृषिबाली बढाउन विभिन्न कार्यक्रम गर्ने योजना बनाएको उहाँको भनाइ छ।

'अब दूधमात्र नभई कृषिबाली उत्पादनमा पनि हात हाल्ने निधो गरेका छौं', उहाँले भन्नुभयो, 'अब किसानकै ट्रक भएपछि हामीलाई ढुवानीमा समस्या हुने कुरा भएन।' किसानले किनेको ट्रक यही माघ १ गतेदेखि चलाउने जिम्मेवारी आफूलाई प्राप्त भएको स्थानीय चालक बुद्धिमान दरैले बताउनुभयो। ट्रक सञ्चालन गर्ने योजना बनाएपछि तत्काललाई विदेश जाने योजना पनि त्यागेको चालक उहाँको भनाइ छ। 'घरमै परिवारसँग बसेर ट्रक चलाउन पाएकामा खुशी छु', कृषक समूहमा आबद्ध रहनुभएका चालक दरैले भन्नुभयो, 'अब गाउँमै कृषि क्रान्ति होलाजस्तो छ त्यसैले विदेश जाने योजना तत्काललाई त्यागेको छु।' किसानले किनेको ट्रकको व्यवस्थापन भने दुम्सी दुग्ध उत्पादक सहकारीमार्फत गरिने स्थानीय किसान तथा उक्त सहकारी संस्थाका सहायक व्यवस्थापक कृष्ण रिजालले जानकारी दिनुभयो।

'सहकारीमार्फत नै ट्रक सञ्चालन गर्ने किसानको छलफलले टुंगो लगाएको छ', उहाँले भन्नुभयो, 'निश्चित मापदण्ड बनाएर ट्रक सञ्चालन गरिने तयारीमा छौं।' स्थानीय गाईभैंसीपालक ५८४ किसानबाट दैनिक उत्पादित तीन हजार लिटर दूध दमौलीस्थित जिल्ला दुग्ध उत्पादक सहकारी संस्थामा बिक्री हुँदै आएको छ। ट्रक खरिद गरेपछि तरकारी बालीसमेत प्रवर्द्धन गरी किसानलाई राहत प्रदान गर्ने योजना बनाइएको रिजालको भनाइ छ। दमौली पुग्न चार किलोमिटरको दूरी तय गर्नुपर्छ।

किसानले ट्रक खरिद गरेको जानकारी पाएपछि मंगलबार व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले दुम्सीमै पुगेर किसानका कामको प्रशंसा गर्नुभयो। उहाँले दुम्सीका किसानको मिहिनेतबाट अन्य किसानले पनि प्रेरणा लिनुपर्ने बताउनुभयो।

# मधेसी युवालाई रोजगारीमा जोड्दै पूर्वएसएसपी थापा

**चन्द्रकान्त खनाल/हिटा**

बुटवल, ३ माघ

कपिलवस्तु महाराजगञ्जका मोहम्मद जमसा फकिर हालै नेपाल प्रहरीको जवानको परीक्षामा उत्तीर्ण हुनुभयो। उहाँले महाराजगञ्जस्थित सेतो गुलाब नामक सामाजिक संस्थाबाट प्रहरी जवान जाँचका लागि नि:शुल्क पूर्वअभ्यास तालिम लिनुभएको थियो। त्यसैगरी महाराजगञ्जकै आशीष गडेरिया पनि प्रहरी जवान परीक्षामा उत्तीर्ण हुनुभयो। उहाँले पनि सोही संस्थाबाट पूर्वअभ्यास तालिम लिनुभएको थियो।

'सेतो गुलाब संस्थाले दिएको नि:शुल्क पूर्वअभ्यास तालिमले हामीलाई परीक्षा उत्तीर्ण गर्न सघाउ मिल्यो' मोहम्मद जमसा फकिर र आशिष गडेरियाले प्रसन्न मुद्रामा भन्नुभयो। विपन्न वर्गका आफूहरूले सरकारी सुरक्षा अंगमा रोजगारीमा प्रवेश पाएकोमा खुशी लागेको उहाँहरू बताउनुहुन्छ। मोहम्मद जमसा फकिरले ४३औं स्थानमा र आशीषले ३३३औं स्थानमा नाम निकाल्न सफल हुनुभएको थियो।

एक वर्षअघि स्थापित सेतो गुलाब संस्थाले कपिलवस्तुको विशेष गरी महाराजगञ्ज इलाकालाई लक्षित गरी विपन्न, पिछडिएका र सिमान्तकृत वर्गका युवालाई स्वदेशमै रोजगारीमूलक काम गर्न सन्देश प्रवाह गर्दै आएको छ। त्यस क्रममा पहिलो चरणमा राष्ट्रिय सुरक्षा अंग नेपाल प्रहरी र सेनामा भर्तीका लागि नि:शुल्क पूर्वअभ्यास तालिम सञ्चालन गरिएको संस्थाका अध्यक्ष एवं नेपाल प्रहरीका पूर्ववरिष्ठ उपरीक्षक विक्रम सिंह थापाले बताउनुभयो।

थापाका अनुसार उक्त संस्थाले महाराजगञ्ज क्षेत्रका विपन्न, पिछडिएका र सिमान्तकृत वर्गका युवाहरूलाई नेपाल प्रहरीको जवानमा भर्नाका लागि पाँच दिने नि:शुल्क अभ्यास तालिम प्रदान गरेको थियो। पूर्वअभ्यास तालिमपछि संस्थाले लिएको परीक्षामा उत्तीर्ण भएका ११ जना सबै युवा नेपाल प्रहरीको परीक्षामा पनि उत्तीर्ण भएका छन्। राष्ट्रिय सुरक्षा अंगमा मधेसी समुदायको सहभागिता न्यून रहेको बताउँदै पूर्वएसएसपी थापाले यसमा सुधार ल्याउनपर्ने बताउनुभयो।

मुलुकमा रोजगारीको अवसर नभएको भन्दै युवाहरू दिनहुँ विदेश पलायन भइरहेको अवस्थामा सुधार ल्याउँदै स्वदेशमै युवालाई रोजगारीमा लगाउन आफूले नागरिकस्तरबाट पहल थालेको थापाको भनाइ छ। सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीमा भर्नाका लागि नि:शुल्क तालिम प्रदान गर्ने कार्यक्रम थापाले बनाएको बताउनुभयो।


## फिक्कल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाङ्साङ, सिन्धुली

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०८१/१०/०४)**

यस कार्यालयबाट मिति २०८१/०८/२७ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार अनलाईन मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल अनुसारको कार्यको लागि तपशिल अनुसारको बोलपत्र न्यूनतम मूल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट भएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मु.अ. कर र पि.एस. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | FRM/Sindhuli/Works/NCB/07/081-82 | पाथिभरा आरुबोट सिलुङ्गे रत्नावती खानेपानी योजना फिक्कल गा.पा.-६। | श्री पुन्य नुरा कन्स्ट्रक्सन प्रा. लि., खाडादेबी-३, रामेछाप | रु. २४,४७,०९०.३६ | |

**प्रमुख प्रशासकीय अधिकृत**



**स्थानीय सरकार**
## हेलम्बु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

### पुन: बोलपत्र आह्वान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/१०/०४**

यस हेलम्बु गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य बोलपत्रको माध्यामबाट गराउन पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएका ठेक्काहरुको लागि ईज्जाजत प्राप्त निर्माण व्यवसायीहरुले मिति २०८१/१०/२० गते दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट **www.bolpatra.gov.np/egp** बाट **Online bidding** गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| SN | Contract No | Description of works | Bid Security Amount (NRs) | Price of Bid Document | Estimate cost including VAT & PS (NRs) | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | HRM/WORKS/NCB/2081/82-09 | Ugang Sinchai Kulo Nirman Helambu Ga.pa.- 4 | 75,000.00 | 3000 | 27,48,553.47 | 120 |

**नोट: बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्न परेमा यस कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।**

**(प्रमुख प्रशासकीय अधिकृत)**



**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
## शिक्षा विकास निर्देशनालय
## सामाजिक विकास कार्यालय
धनगढी, कैलाली

### E-Bidding मार्फत बोलपत्र आवहान सम्बन्धी सूचना

**प्रथम पटक प्रकासित मिति: २०८१|१०|०४**

यस कार्यालयको आ.व. २०८१|०८२ को स्वीकृत कार्याक्रम अन्तर्गत तपसिलका निर्माण कार्यहरु गर्नुपर्ने भएको हुँदा इच्छुक र इजाजत प्राप्त प्राप्त फर्म/कम्पनीले रितपूर्वक बोलपत्र पेश गर्नहुन यो सुचना पेश गरिएको छ। विस्तृत जानकारीको लागि **website:bolpatra.gov.np/egp** हेर्न सकिनेछ।

| S. N. | Contract Identification Number | Description of Work | Total Cost Excluding VAT & PS (NRs) |
|---|---|---|---|
| 1 | SDO/Works/NCB/2081/82/02 | Ghodawaridham aaryaghat vyavasthapan works Ghodawari, Kailali | 8762693.8 |
| 2 | SDO/Works/NCB/2081/82/03 | Construction of chori aawas in sahara ghar, Bardagoriya gaa. paa, kailali | 4406807.59 |

**कार्यालय प्रमुख**



## माछापुच्छ्रे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८१/१०/०४**

यस गाउँपालिकाबाट मिति २०८१/०८/१४ गते प्रकाशित बोलपत्र आह्वानको सूचनामा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा सारभूत रुपमा प्रभावग्राही भई न्यूनतम रकम कबोल गर्ने देहाय बमोजिमका बोलपत्र मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | योजनाको नाम | बोलपत्र नं | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम ने रु (भ्याट र पीएस समेत) |
|---|---|---|---|---|
| १ | Construction of Saitighatta Health Post | MRM/NCB/W/BDG/081-82/09 | Raj Bhandhu Nirman Sewa, Lahachok, Kaski | **27,33,682.88** |

**प्रमुख प्रशासकीय अधिकृत**